# रुकुमकोट जिल्ला अदालतबाट जारी भएको

## सूचना

उप्रान्त रंगविर बुढाको नाती रुद्र बहादुर बुढाको छोरा जिल्ला रुकुम (पूर्वी-भाग) सिस्ने गा.पा. वडा नं. ७ गोठीचौर वस्ने वर्ष ४३ की हरि बुढाले आफ्नो बाबु रुद्र बहादुर बुढा वि.स. २०४४ सालमा आफ्नै घर साविक रुकुम जिल्ला स्यालापाखा गा.वि.स. वडा नं. ७ हाल परिवर्तित रुकुम (पूर्वी-भाग) जिल्ला सिस्ने गा.पा. वडा नं. ७ गोठीचौरबाट बाहिर निस्की रोजगारीको सिलसिलामा भारतको मुम्वईमा गई हालसम्म पनि सम्पर्क बिहिन भई घर फर्की नआई बेपत्ता भएकोले निजको मृत्युको न्यायिक घोषणा गरीपाउँ भनि यस अदालतमा निवेदन दिनु भएकोमा यस अदालतको मिति २०८२।०२।२३ मा भएको आदेशानुसार बेपत्ता भनिएका ब्यक्ति रुद्रबहादुर बुढालाई नजिकबाट चिन्नु जान्नु हुनेले उहाँ कहाँ हुनुहुन्छ? पछिल्लो पटक कहाँ देखु भएको हो? थाहा भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस अदालतमा लिखित जानकारी दिनुहोला अन्यथा कानून बमोजिम हुनेछ। इतिसम्वत २०८२ साल जेठ महिनाको २६ गते रोज ४ शूभम्...।